चौरजहारी नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

चौरजहारी, रुकुम (पश्चिम)

कर्णाली प्रदेश, नेपाल

०८८-४४११४६,९८५७८२६१११

ito.chaurjaharimun@gmail.com


चौरजहारी नगरपालिकाको कार्यालय चौरजहारी, रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल २०७३

## सीप विकास कार्यक्रमका लागि तालिम माग गर्ने सूचना !

(प्रकाशन मिति : २०८१/०५/१६ गते)

उपर्युक्त विषयमा राष्ट्रिय युवा परिषद्, सानोठिमी, भक्तपुरको च.नं. ७८, मिति २०८१/०४/३० गतेको पत्र यसैसाथ संलग्न छ । उक्त पत्रको व्यहोरा बमोजिम रोजगारमूलक सीप विकास कार्यक्रमका लागि तालिम प्राप्त गर्न इच्छुक यस चौरजहारी नगरपालिका क्षेत्रभित्रका १६ देखि ४० वर्ष उमेर समूहका युवाहरूले आफ्नो आवश्यकता र रुची अनुसारको विषयमा तालिमको माग पेस गर्ने जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

२०८१/०५/१६

.......................

शेरप्रसाद ढकाल

नि. प्रमुख प्रशासकीय अधिकृत

शेर प्रसाद ढकाल

नि. प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय

# राष्ट्रिय युवा परिषद

सानोठिमी, भक्तपुर, नेपाल

(..........................................शाखा)

राष्ट्रिय युवा परिषद्-नेपाल
२०७२
सानोठिमी, भक्तपुर

प.सं.: ०८१/८२
च.नं.: ६८

मिति २०८१।०४।३०

चौरजहारी नगरपालिका
दर्ता नं. ३८०
मिति २०८१/५/१६

श्री सम्बन्धित सबै ।

**विषय: रोजगारमूलक सिप विकास कार्यक्रमका लागि माग पेश गर्ने सम्बन्धमा।**

प्रस्तुत विषयमा नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद्ले विगत वर्षहरुदेखि १६ देखि ४० वर्षका युवाहरुलाई लक्षित गरी बिभिन्न कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ । नेपाली युवाको समग्र विकासका लागि राष्ट्रिय युवा नीति २०७२, युथ भिजन २०२५ तथा दशवर्षे रणनीतिक योजनामा उल्लेखित युवा विकासका पाँच आधारस्तम्भहरुमध्ये रोजगारी, उद्यमशिलता र सिप विकासमा जोड दिदैं नेपाली युवालाई उद्यमशील, स्वरोजगार र आत्मनिर्भर बनाउँदै सबल अर्थतन्त्रको विकासका माध्यमबाट समृद्ध नेपाल निर्माणमा युवालाई सहभागि गराउन यस परिषद्को आ. व. २०८१।०८२ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत बिभिन्न विषय क्षेत्रमा युवाहरुका लागि रोजगारमूलक सिप बिकास कार्यक्रम संचालन गरिने भएकाले मागमा आधारित तालिम संचालन गर्ने प्रयोजनार्थ तपसिल बमोजिम योग्यता पुगेका इच्छुक युवाहरुले मिति २०८१।०५।३० गतेभित्र यस परिषदमा वा दिइएको गुगल फर्मको लिङ्क क्लिक गरी आफ्नो आवश्यक्ता र रुची अनुसारको विषयमा माग पेश गर्नुहन अनुरोध छ ।

कर्णबहादुर कवर
उपसचिव

फारामको लागि
QR scan गर्नुहोला।

तपसील :

१) नेपाली नागरिक हुनुपर्ने ।
२) १६ देखि ४० वर्षका युवाहरु हुनुपर्ने तर रिटर्नीलाई उमेर हद नलाग्ने ।
३) कम्तिमा कक्षा ८ उत्तीर्ण हुनुपर्ने तर तालिमको प्रकृति अनुसार विद्यमान व्यवस्था बमोजिम सिलाई, बुनाई, केश कर्तन, शिशु स्याहार, घर निर्माण, काठ, बाँस तथा धातुमा आधारित सामाग्रीको निर्माण, प्रशोधन तथा प्याकेजिङ्ग लगायतका विषयमा साधारण लेखपढ गर्नसक्ने व्यक्ती ।
४) तालिममा सहभागी हुने युवाहरु उद्यम सुरुवात गर्न तयारी अवस्थामा रहेको हुनुपर्ने ।

शेर प्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत